# जलेश्वर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जलेश्वर, महोत्तरी/मधेश प्रदेश, नेपाल

## वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिको पुन:एकीकरण (रेमी) परियोजनाका लागि आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धमा सूचना

**(तेस्रो पटक सूचना प्रकाशित मिति २०८०/०४/०३ गते)**

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन:एकीकरण (रेमी)परियोजना अन्तर्गत जलेश्वर नगरपालिकामा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक र आर्थिक पुन: एकीकरण सम्बन्धि क्रियाकलापहरु संचालन गर्नका लागि यस जलेश्वर नगरपालिकावाट पहिलो पटक मिति २०८०/०२/१४ गतेमा १५ दिने सुचना तथा दोस्रो पटक मिति २०८०/०२/३० गतेमा ७ दिने सुचना प्रकाशित गरिएकोमा निर्धारित समय भित्र आवश्यक मात्रामा दरखास्त पर्न नआएकोले ईच्छुक उम्मेदवारहरुले देहाय बमोजिम तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको उम्मेदवारहरुवाट यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयको राजश्व शाखावाट उपलब्ध दरखास्त आवेदन रितपूर्वक भरी राजश्व तिरेको रसिद सहित यस कार्यालयको दर्ता चलानी शाखामा दर्ता गराउन हुन पुन: यो सुचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं | पद | माग सख्या | योग्यता |
|---|---|---|---|
| १/०८०/०८१ | परिवार परामर्शकर्ता | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड. स्वास्थ्य शिक्षामा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इनकाउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>कम्प्यूटर सम्वन्धी ज्ञान भएको ।<br>सम्वन्धित विषयमा कार्य अनुभव भएको स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ । |
| २/०८०/०८१ | रोजगार परामर्शकर्ता | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको ।<br>कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।<br>वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ । |
| ३/०८०/०८१ | सामाजिक परिचालक | २<br>(एक जना महिला अनिवार्य) | मान्यता प्राप्त शैक्षिक संस्थावाट १०उत्तिर्ण गरी वैदेशिक रोजगारीबाट फर्केको । २+<br>कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।<br>स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |

१. कार्य अवधि : हाललाई आ. व. २०८०/०८१ को अषाढ मसान्त सम्म परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ ।

२. उमेर :- पुरुषको हकमा कम्तीमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाधेको र महिलाको हकमा कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

३. दरखास्त दिने स्थान :- जलेश्वर नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।

४. दरखास्त दिने अन्तिम मिति :- २०८०/०४/०९ गते सम्म कार्यालय समय भित्र ।

५. आवेदन दस्तुर :- प्रत्येक विज्ञापनको लागि रु.३००।- (तिन सय मात्र) ।

६. परीक्षाको किसिम :प्रारम्भिक छनौट, लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षा छनौट परिक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक ) पुन: एकीकरण लगायतकाविषयवस्तुहरु समावेश हुनेछन । (

७. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नागरिकता प्रमाण पत्र ।
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्र ।
- अनुभव खुल्ने कागजात तथा २ प्रति पासपोर्ट आकारको फोटो ।

८. सेवा सुविधा - परियोजनको नियम तथा नगरपालिकाको निर्णय अनुसार करार सम्झौता बमोजिम हुनेछ ।

२०८०/४/२

प्रमुख प्रशासकिय अधिकृत

CamScanner